# पोखरा महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY

फोन नं.: ०६१-४२०३५२, ४२११०५
फ्याक्स: ०६१-४२०६००
E-mail: info@pokharamun.gov.np


प.सं.:

च.नं.:

मिति: .......................

**स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०७९ बमोजिम तहबृद्धि गर्ने सम्बन्धी सूचना**

**सूचना प्रकाशन मिति : २०७९/०८/०६**

**सूचना नं. ०१/२०७९/८० (तहबृद्धि)**

स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को परिच्छेद ३ को दफा ९ र परिच्छेद ५ दफा २८ बमोजिम तहबृद्धि हुने पदभन्दा एकतह मूनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पूरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक बर्षको कार्य सम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीहरुलाई सम्बन्धित सेवा, समूह वा उप-समूह भित्रको पदमा तहबृद्धि गर्ने र अध्यादेशको दफा ९ अनुसार दरबन्दी मिलान भई स्वत: माथिल्लो तह कायम गर्ने एवं सोको उपदफा ४ अनुसार दरबन्दी सहित तह कायम गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ परिच्छेद ३ को दफा ९ र परिच्छेद ५ दफा २८ बमोजिमका योग्यता पूरा गरेका तथा नकारात्मक सूचिमा नपरेका तहबृद्धि हुने भन्दा एक तह मूनिको सम्बन्धित सेवा, समूह र उप समूहको पदमा कार्यरत स्थानीय सेवाका ईच्छुक स्थायी कर्मचारीहरुले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय गण्डकी प्रदेश पोखराको website www.ocmcm .gandaki.gov.np मा रहेको तहबृद्धिको आवेदन फारम डाउनलोड गरी फारममा उल्लिखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरी आफू कार्यरत कार्यालयको महाशाखा प्रमुखबाट प्रमाणित गराई २ (दुई) प्रति तयार गरी मिति २०७९/०८/१२ गते सम्ममा पोखरा महानगरपालिकाको प्रशासन महाशाखामा बुझाउनु हुन सूचित गरिन्छ ।

म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत